# नेपाल राष्ट्र बैंक
# प्रेस समाचार

## गभर्नर डा. नेपालद्वारा SEANZA Advisors' Meeting को उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले १७ डिसेम्बर २०१५ मा नेपाल राष्ट्र बैंकद्वारा काठमाडौंमा आयोजित South East Asia, New Zealand, Australia (SEANZA) Advisors' Meeting, 2015 को उद्घाटन गर्नुभयो ।




सो अवसरमा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. नेपालले अहिलेको विश्वव्यापीकरणको युगमा वित्तीय क्षेत्रका जोखिमहरुमा नयाँ आयाम थपिँदै गएको हुनाले वित्तीय स्थायित्वका लागि क्षेत्रीय सहकार्यको भूमिका झन् महत्वपूर्ण भएको विचार व्यक्त गर्नुभयो । उहाँले नेपालको वित्तीय क्षेत्रका प्रमुख मुद्दाहरु बारे संक्षिप्त जानकारी दिनुका साथै नेपालको अर्थतन्त्रमा गत वैशाखको भूकम्प र त्यसपछिका घटनाहरुले थपेका चुनौतीहरुको पृष्ठभूमिमा वित्तीय स्थायित्व कायम राख्न राष्ट्र बैंकद्वारा मौद्रिक नीति मार्फत गरिएका केही महत्वपूर्ण वित्तीय व्यवस्थापनका पहलहरुका बारेमा चर्चा गर्नुभयो ( **मन्तव्यको पूर्ण पाठ Governor's Speech मा उपलब्ध छ** ) ।

SEANZA Forum सन् १९५६ मा स्थापित दक्षिण पूर्वी एशिया तथा न्यूजिल्याण्ड र अस्ट्रेलियाका केन्द्रीय बैंकहरुको सञ्जाल हो । सदस्य राष्ट्रहरुबीच सहकार्य बढाउने तथा केन्द्रीय बैंकसँग सम्बन्धित विभिन्न कार्यहरुका विषयमा तालिमहरु सञ्चालन गर्ने मूल उद्देश्यले स्थापना गरिएको यस सञ्जालमा हाल २० राष्ट्रका केन्द्रीय बैंकहरु सदस्य रहेका छन् । यस फोरमले सदस्य केन्द्रीय बैंकहरुलाई आपसी सरोकारका विषयहरुमा विचार आदानप्रदान गर्ने मञ्च प्रदान गर्दछ । SEANZA अन्तर्गत स्थायी सचिवालयको व्यवस्था नगरिएकोले सदस्य केन्द्रीय बैंकहरुले पालैपालो गरी यससँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्ने परम्परा रहेको छ । सो अनुसार बङ्गलादेशको ढाकामा ३० अगस्ट २०१४ मा आयोजित २९औं Governor Symposium मा SEANZA को ३०औं कार्यक्रमको सन्दर्भमा निर्धारित SEANZA Advisors' Meeting, Governor Symposium तथा Central Banking Course नेपालले आयोजना गर्ने निर्णय भए अनुरुप यो कार्यक्रम नेपाल राष्ट्र बैंकले आयोजना गरेको हो ।

SEANZA Advisors' Meeting को प्राविधिक सत्रले सन् २०१६ मा

आयोजना हुने SEANZA Central Banking Course तथा Governor Symposium लगायतका मुद्दाहरुका सम्बन्धमा आवश्यक निर्णय गर्ने छ ।

<u>२०७२ पुस ३ गते, बिहीबार</u>

**गभर्नरको कार्यालय**